स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



पछिल्लो समयका चर्चित 'कन्टेन्ट क्रिएटर' कुल ब्वाय अर्थात् पारस बमले 'होस्टेल ३' बाट फिल्म अभिनयमा डेब्यु गर्ने भएका छन् । निर्माताले शुक्रबार सामाजिक सञ्जालका यी सेलिब्रेटीलाई लिएर फिल्म बनाउने जनाएका छन् । यो फिल्मको अघिल्ला भागबाट अनमोल केसी, नाजिर हुसेन, स्वस्तिमा खड्का, सलोन बस्नेत, सुशील सिटौला, सुशील श्रेष्ठ लगायतले फिल्ममा डेब्यु गरिसकेका छन् । यो सूचीमा कुल ब्वाय पनि जोडिएका हुन् ।

**आजको विचार...**



कुरा...
(दुई पेजमा)

पदम न्यौपाने



गायिका समीक्षा अधिकारीलाई चर्चाले पछ्याइरहन्छ । यस्तोमा फिल्म 'बोक्सीको घर'मा समावेश गीत 'बुझिनँ मैले'ले फेरि एकाएक समीक्षालाई चर्चामा ल्याएको छ । यो गीतमा समीक्षाले प्रकाश सपुतसँग सहकार्य गरेकी छन् । गीत र फिल्म हिट भएपछि समीक्षाले फेसबुकमार्फत केकी अधिकारीलाई बधाई दिएकी छन् । उक्त बधाईको स्टाटस यतिबेला चर्चामा छ । केकीलाई बधाई दिएको देखिएपनि निशाना अर्कोतिर साँधेको भनेर यो स्टाटसको चर्चा सामाजिक सञ्जालमा भइरहेको छ ।

❒ वर्ष २९ ❒ अंक २७४ ❒ २०८१ वैशाख २२ गते शनिबार 4 May 2024, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

**सक्षिप्त समाचार**

## बस दुर्घटनामा २० को मृत्यु, २१ घाइते

(रासस/एएनआई)

**गिलगिट (पाकिस्तान),** वैशाख २१/ पाकिस्तान अधिकृत कश्मिरको गिलगिट-बाल्टिस्तानको डायमर जिल्लामा यात्रु बस साँघुरो पहाडी सडकमा दुर्घटना भई खोलामा खस्दा कम्तीमा २० जनाको मृत्यु हुनुका साथै २१ जना घाइते भएका छन् । प्रहरीका अनुसार शुक्रबार बिहान ५:३० बजे डायमरको काराकोरम राजमार्गको यशोखल क्षेत्रमा बस दुर्घटना भएको थियो । रावलपिन्डीबाट गिलगिटतर्फ गइरहेको बसमा कम्तीमा ३८ जना यात्रु सवार रहेको प्रहरीले जनाएको छ । दुर्घटनापछि दुर्घटनास्थलमा उद्धार टोली पठाइएको छ भने घाइते तथा शवलाई चिलासको अस्पतालमा लगिएको छ । स्वास्थ्य विभागका निर्देशकका अनुसार मृतकमा तीन जना महिला रहेको जियो न्युजले जनाएको छ । जियो न्यूजसँग कुरा गर्दै डायमरका उपायुक्त फयाज अहमदले कम्तीमा पाँच जना घाइते यात्रुको अवस्था गम्भीर रहेको र दुई जनालाई गिलगिट सहरमा सारिएको बताए । अहमदले दुर्घटनाका पीडित परिवारसँग नियमित सम्पर्कमा रहेको जानकारी दिए । तिब्र गतिका कारण मोड लिने क्रममा बस दुर्घटना भएको अधिकारीहरुले जनाएका छन् । गिलगिट-बाल्टिस्तानका मुख्यमन्त्री हाजी गुलबर खानले घटनालाई लिएर शोक व्यक्त गरे । उनले प्रशासन र उद्धारकर्ताहरूलाई घाइतेलाई तत्काल चिकित्सा सहायता प्रदान गर्न आदेश दिए ।

## राष्ट्रपतिद्वारा बजेट अधिवेशन आह्वान

**पाल्पा,** वैशाख २१/राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसदको बजेट अधिवेशन आह्वान गरेका छन् । मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति पौडेलले वैशाख २८ देखि सुरु हुने गरी अधिवेशन आह्वान गरेका हुन् । सहकारीको बचत अपचलनमा मुछिएका उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेमाथि छानबिन गर्न संसदीय समिति गठन गर्नुपर्ने माग प्रमुख प्रतिपक्ष कांग्रेसले राखेपछि सरकारले संसद्को हिउँदे अधिवेशन अन्त्य गरेको थियो । वैशाख २ मा संसद् अधिवेशन अन्त्य भएयता यसबारे सत्तापक्ष र कांग्रेसबीच संवाद हुन सकेको छैन ।


# निर्माण व्यवसायीको लापरवाहीले 'मखनटोल सडक' धुलाम्य

## तत्काल व्यवस्थित गर्न स्थानीयको आग्रह, नगरे आवत जावतमा रोक लगाउने चेतावनी

**कृष्ण पोखरेल**

**पाल्पा,** वैशाख २१/जिल्लाको तानसेनस्थित मखनटोल सडक धुलाम्य बनेको छ । पाल्पा दरवार परिसरको शितलपाटीदेखी जिल्ला प्रशासन गेट सम्मको सुरक्षा पर्खाल निर्माणमा निर्माण व्यवसायीले लापरवाही गर्दा सडक धुलाम्य भएको हो ।


शित्तलपाटीदेखि प्रशासन गेटसम्मको सडक धुलाम्य हुनुको साथै निर्माण सामाग्री जथाभावी फालेपछि सर्वसाधारणको आवागमन असहज बनेको छ । बढ्दै गएको गर्मीसँगै चल्ने हावाहुरीका कारण तानसेन बजार प्रवेश गर्ने उक्त सडकमा यतिबेला हिंड्नै नसकिने गरी धुलो उड्न थालेपछि सडक छेउमा व्यवसायी गर्ने र यात्रुहरुलाई सास्ती हुने गरेको छ । निर्माण व्यवसायीले गुणस्तरीय काम नगरेको, सडकमै धुलो तथा निर्माण सामग्री राखी अलपत्र पारेको भन्दै स्थानीयवासीहरुले विरोध गरेका छन् । दरवार बाहिर शितलपाटीदेखी जिल्ला प्रशासनसम्मका मखनटोलका उपभोक्ताहरुले पर्खाल बनाउने क्रममा सडकबाट उडेको धुलो सडक छेउछाउका सर्वसाधारणका आवासीय घरका साथै व्यापारिक सटरमा पस्दा सम्बन्धितलाई निकै हैरानी हुने गरेको भन्दै विरोध गरेका हुन् । शुक्रबार उनीहरुले वडा ४ को कार्यालयमा पुगी विरोध गर्दै तत्काल सडक व्यवस्थित गर्न आग्रह गरेकमा छन् । स्थानीयले एक/दुई दिन भित्र सडक सफा नभए आवत जावत तथा यातयात सेवा अवरुद्ध पार्ने चेतावनी समेत दिएका छन् । दरवार जस्तो महत्वपूर्ण क्षेत्रमा लापरवाही तरीकाबाट काम भएको, पर्खाल लगाउँदा पुरातात्विक महत्वका ढुंगाहरु फुटाएर सानो-सानो बनाएको, सिमेन्ट सहितको सुरक्षा पर्खालमा ठेकेदारले नियमित रुपमा पानी नहाल्दा पर्खाल कमजोर भएको, बाटो क्षेत्रमा सयममै काम नगरी महिनौसम्म धुलो तथा निर्माण सामग्रीहरु राखेर सडकलाई कुरुप बनाएको भन्दै उपभोक्ताहरुले वडा कार्यालयमा पुगी विरोध गरेका हुन् ।



शित्तलपाटीदेखि प्रशासन गेटसम्म १२० मिटर ढुंगाको पर्खाल लगाउने काम शुरु गरेको महिनौ भए पनि अहिलेसम्म सकिएको छैन । बाटोभरि धुलो, माटो तथा निर्माण सामग्रीका कारण कयौं पटक सवारी दुर्घटना हुनुको साथै स्वास्थ्यमा समेत असर पुऱ्याएको स्थानीय दिनेश बज्राचार्यले बताए । उनले भने 'हामीले तत्काल निर्माण क्षेत्रको धुलो तथा माटो सफा गर्न वडा कार्यालयमा अनुरोध गरेका छौं, एक/दुई दिन भित्र सफा भएन भने सवारी आवत-जावत नै रोक्छौ ।' स्थानीयको आग्रहलाई निर्माण व्यवसायीले वेवास्त गरेमा काम नै रोकेर सडक बन्द गरिने मखनटोल टोल विकास संस्थाकी पूर्व अध्यक्ष ज्योती राजभण्डारीले बताईन् । वडा अध्यक्ष हेमन्तराज शाक्यले भने दरवार क्षेत्रमा भएको काम नगरपालिकाको नभए पनि आफुले निर्माण व्यवसायीलाई तत्काल धुलो सफा गर्न र सामान व्यवस्थित तरिकाले राख्न भनिसकेको बताए । दरवार क्षेत्रमा पाँच वटा फरक-फरक क्षेत्रबाट काम भइरहेको छ । जिल्ला प्रशासनदेखि शित्तलपाटीसम्म घरटहरा भएको क्षेत्रमा तानसेन नगरपालिकाले ढुंगा बिछ्याउने र दरवार अगाडि सडकमा नाली बनाउने काम गरेको छ । दरवार संग्रहालय अगाडि आगनमा ढुंगा बिछ्याउने काम पाल्पा दरवार संग्रहालयले शुरु गरे पनि महिनौ विदासम्म अलपत्र अवस्थामा रहेको छ । दरवार गेटदेखि जिल्ला प्रशासन कार्यालय तर्फको ५० मिटर ढुंगाको पर्खालको काम लुम्बिनी प्रदेश सरकार अन्तर्गत शहरी विकास तथा भवन डिभिजन कार्यालयले गर्दै आएको छ । दरवार गेटदेखि शित्तलपाटी तर्फको ७० मिटर ढुंगाको पर्खाल शहरी विकास तथा संघीय कार्यान्वयन ईकाई भैरहवाबाट काम भईरहेको छ । दरवारको मुलढोकाको पुनर्निर्माणको काम भने पुरातत्व विभागबाट भइरहेको छ । ढुंगाको पर्खाल निर्माणको काममा गुणस्तरहिन भएको स्थानीयको आरोप छ । तर सम्बन्धित कार्यालयबाट कुनै पनि अनुगमन भएको छैन । पुरातात्विक महत्वको संरचनाको काम गर्दा लेवरको भरमा निर्माण हुँदै आएको छ । काममा कार्यालयको जिम्मेवार व्यक्ति तथा साईट इन्चार्जबाट राम्रोसँग रेखदेख नगरेको कारण गुणस्तरहिन काम भएको स्थानीयको भनाई छ । लुम्बिनी प्रदेश सरकार अन्तर्गत शहरी विकास तथा भवन डिभिजन कार्यालयले गराएको ढुंगाको पर्खाल निर्माणमा लापरवाही देखिएको छ । निर्माण व्यवसायीले एक महिना अघि आफ्नो तरिकाले लगाएको ढुंगाको पर्खाल सिमेट विपरित भएपछि तीन दिन अघि पर्खालको माथिल्लो भागको एक लेयर भत्काएकाले कार्यालयको तर्फबाट काम गर्दाको समयमा कुनै अनुगमन तथा रेखदेख नभएको देखिन्छ । पाल्पा दरवार परिसरलाई विश्व सम्पदा सूचीमा राख्न सिफारिस गर्ने भन्दै गत वर्ष तानसेन नगरपालिकाले यस क्षेत्रका ६१ वटा व्यापारिक सटहरु डोजर लगाएर हटाएको थियो । तत्कालीन प्रधानमन्त्री जंगबहादुर राणाका भाइ बद्रीनरसिंहले विसं १९११ देखि १९३० सम्ममा मूलढोका सहित पाल्पा दरवार निर्माण गरेका थिए । विसं. १९८३ मा प्रताप शमशेरले पुरानो दरवारलाई पुनः निर्माण गरी ठूलो दरवार बनाएका थिए । पाल्पा दरवार परिसरलाई पुरानै अवस्थामा फर्काउन पुरातत्व विभागले परिसर भित्र रहेका जिल्ला समन्वय समिति, बाल मन्दिर, जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, विद्युत कार्यालय र राष्ट्रिय अनुसन्धान कार्यालयहरु अन्य स्थानमा स्थानान्तरण गर्न अनुरोध गर्दै आएको छ ।

# आजदेखि लुम्बिनीमा अन्तर्राष्ट्रिय बौद्ध गोष्ठी हुँदै

**लुम्बिनी,** वैशाख २१/लुम्बिनी बौद्ध विश्वविद्यालय बौद्ध अध्ययन संकायले आजदेखि लुम्बिनीमा अन्तर्राष्ट्रिय बौद्ध गोष्ठी आयोजना गर्ने भएको छ । लुम्बिनी बौद्ध विश्वविद्यालय केन्द्रीय कार्यालयमा हुने गोष्ठीमा विश्वव्यापी चुनौतीहरुलाई सम्बोधन गर्न बौद्ध शिक्षाको सान्दर्भिकता विषयमा विभिन्न देशका विज्ञहरुले कार्यपत्र प्रस्तुत गर्ने र त्यसमाथि छलफल गर्ने कार्यक्रम रहेको बौद्ध अध्ययन संकायका डीन डा. माणिकरत्न शाक्यले जानकारी दिए ।



विश्वभरका मानिसहरु वातावरणीय संकट, ग्लोबल वार्मिड, पारिस्थितिक असन्तुलन र शारीरिक तथा मनोवैज्ञानिक समस्याबाट गुज्रिरहेको अवस्थामा बुद्धको जन्मस्थलबाट बुद्ध शिक्षाको सान्दर्भिकता खोज्नुपर्ने आवश्यकता देखिएकाले गोष्ठीको आयोजना गरिएको डीन शाक्यले बताए ।

बुद्ध जन्मस्थलमा आयोजित गोष्ठीमा नेपालसहित श्रीलङ्का, थाइल्याण्ड, म्यानमार, जापान, बङ्गलादेश, भारत, ताइवान, पोर्चुगल, फान्सलगायतका देशका बौद्ध भिक्षु तथा विज्ञहरुले कार्यपत्र प्रस्तुत गर्ने जनाइएको छ । गोष्ठीमा बौद्ध शिक्षाको महत्व, लुम्बिनीसहितका बौद्ध स्थलहरुको संरक्षण र विकास तथा बौद्ध विश्वविद्यालयको शैक्षिक कार्यक्रम सम्बन्धमा छलफल र बहस हुनेछ । गोष्ठीमा बौद्ध दर्शन र योगका विषयमा समूहगत छलफल समेत गरिने जनाइएको छ । गोष्ठीमा समकालीन विश्वव्यापी चुनौतीहरूलाई सम्बोधन गर्न बौद्ध शिक्षाका कुन रूपहरू आवश्यक छन्, यस्तो शिक्षा फैलाउन लुम्बिनी बौद्ध विश्वविद्यालयले कसरी योगदान गर्नसक्छ र संसारभरका मानिसहरूले कस्ता प्रकारका पाठ्यक्रमहरू अपेक्षा गर्छन् भन्ने विषयमा छलफल हुने छ । बौद्ध शिक्षाको महत्वमा केन्द्रित भएर लुम्बिनी बौद्ध विश्वविद्यालयले प्रदान गर्ने शैक्षिक कार्यक्रमबारेमा जानकारी दिन र मानवले सामना गरिरहेका जटिल समस्यालाई सम्बोधन गर्न योगदान पुऱ्याउने विश्वास गरिएको छ । -रासस

**सन्तोष चलचित्र मन्दिरमा...**




आजदेखि भव्यताका साथ प्रदर्शन हुँदैछ सुपरहिट नेपाली फिल्म जारी पछि दर्शकको प्रखाईमा रहेको चलचित्र '**मनसरा**' । साथै नेपाल अधिराज्यभर अपार सफलतापूर्वक चलिरहेको चलचित्र '**बोक्सीको घर**' पनि चलिरहेको छ । स-परिवारका साथ अवश्य पाल्नु भइ भरपुर मनोरञ्जन लिनुहोस् ।

**शो समय :**

**बोक्सीको घर :** पहिलो शो : ११:३० बजे

**मनसरा :** दोस्रो शो : २:३० बजे र तेश्रो सो साँझ ५:३० बजे

(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)

टिकट बुकिङ्ग
नं. : ९८४७३९८५५९

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## उपनिर्वाचनले दिएको सन्देश

इलाममा भएको संघीय सांसद् र बझाङमा भएको प्रदेश सांसद्को उपनिर्वाचनको परिणाम आएको छ । यी जिल्लामा वैशाख १५ गते उपनिर्वाचन भएको थियो । निर्वाचनको मत परिणामबाट फरक दृश्य देखिएका छन् । चुनाव अघि जुन किसिमका दृश्यहरु देखिए त्यस पश्चातको परिणामले भने फरक सन्देश प्रवाह गरेको छ । दुवै क्षेत्रमा भएको उपनिर्वाचनमा यसपल्ट नेकपा एमालेले बाजी मारेको छ । विगतदेखिकै परीक्षणमा रहँदै आएको एमाले आलोचनाको सिकारसमेत उत्तिकै हुने गरेको अवस्था रहे पनि उपनिर्वाचनमा पाएको सफलताले केही राहत अवश्य पुगेको छ । तर जनादेशको अवज्ञा विगतमा झैँ पुनः नहोला भन्न भने सकिँदैन । संघीय र प्रदेश दुवै क्षेत्रमा खुम्चिन पुगेको नेपाली कांग्रेसमात्रै नभएर यसपल्ट नयाँ दल रास्वपालाई समेत निर्वाचन परिणाम प्रत्युत्पादक साबित भएको छ ।

निकै तामझाम र प्रचारबाजीका साथमा उत्रिएको रास्वपाले इलाम–२ मा जमानतसमेत जोगाउन नसकेको अवस्थाले उसका लागि उपनिर्वाचन गतिलो पाठका रुपमा देखा परेको छ । जसरी चितवन र तनहुँमा नयाँ शक्तिको रुपमा उदायको रास्वपाले चमत्कार नै गरेको थियो, त्यो चमत्कार कतै उपनिर्वाचनमा पनि देखिने हो कि भन्ने धेरै आंकलन समेत गरेका थिए । तर त्यो आंकलन भन्दा फरक नतिजा आउनुले अझै पनि मतदाताहरु पुरानै पार्टीप्रति आस्था रहेको छ भन्ने बुझ्न गाह्रो छैन । सञ्चारमाध्यमदेखि सामाजिक सञ्जालसम्म जति नै आलोचनाको सिकार भए पनि निर्वाचन नतिजामा एमाले, काँग्रेसकै वर्चस्व देखिनुमा यी दलहरु अझै पनि सुध्रिन सक्ने अवस्था रहे जनताको साथ र सहयोग आगामी निर्वाचनमा समेत देखिने प्रष्ट हुन्छ । उपनिर्वाचनले कुनै एक व्यक्तिको आकर्षणका कारण रास्वपा उम्लिएको हो कि भन्ने आशंका पनि उब्जिएको छ । विद्यमान राजनीतिक दलहरूप्रतिको निराशा र वितृष्णाका कारण विकल्प हुने ठानिएको रास्वपा एउटा दिशाहीन विवेकशून्य जमात मात्र सावित हुने संकेत उपनिर्वाचनले दिएको छ । व्यवस्थापकीय परिवर्तनका लागि प्रजातान्त्रिक आन्दोलनमा पटक–पटक होमिएका एमाले, नेपाली काँग्रेसप्रति अझै पनि जनतामा आशा र भरोसा रहेको र त्यसलाई सही अर्थमा प्रयोग गरिए नयाँ दलहरुलाई थप चुनौती रहिरहेको अवस्थासमेत उक्त उपनिर्वाचनले देखाएको छ । उपनिर्वाचनको परिणामबाट हौसिएका एमाले र काँग्रेसले अब आफुलाई सच्याएर लैजाने मौका पनि हो । यसर्थ यी पुराना पार्टीहरुले उपनिर्वाचनको सन्देशबाट पाठ सिकेर अगाडि बढ्न जरुरी छ ।

### Opinion @ Social Network

आफुले आफुलाई प्रेरणा दिनुहोस्,
अरुले दिने भनेको त चुनौती मात्रै हो ।
*(मिस्मा रानाको फेसबुक स्टाटसबाट https://www.facebook.com/Misma.Rana)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कुरा तानसेन पर्यटनको हिल स्टेशन बनाउने तर प्राथमिकता खै ?



पदम न्यौपाने

**पढ्दै आयौं**

पाल्पाको सदरमुकाम तानसेन एक ऐतिहासिक तथा पर्यटकीय स्थल हो । प्रकृति र पर्यटनमा लोकप्रिय पोखरा र बुद्ध जन्मस्थल लुम्बिनी एवं विश्व सम्पदा सूचिमा रहेको तिलौराकोट (कपिलवस्तु)को निकट रहेको तानसेन युनेष्कोमा विश्व सम्पदा सूचिका लागि आधार भएको शहरको लिष्टेडमा पर्छ । यहाँको धार्मिक एवं आध्यात्मिक क्षेत्रमा निकै महत्वपूर्ण मानिने कालिगण्डकी नदी (शालिग्रामको श्रोत)को किनारमा रहेको, एकै स्थानवाट अत्यन्त आकर्षक हिमालहरु, काञ्जिरोवा, धौलागिरी, अन्नपूर्ण, मानसीरी, गणेश, लाङटाङ लगायतका स्थानको प्यानोरोमिक दृष्य हेर्न सकिन्छ । अर्कोतर्फ गर्मीको मौसममा पनि अधिकतम ३० डिग्री भन्दा माथि तापमान हुँदैन । पछिल्लो समयमा तानसेनको क्षेत्र र आकार बढेर अधिकाशं ग्रामीण वडाहरु जहाँ हरेक वडामा कम्तीमा एक प्राकृतिक, सांस्कृतिक, कृषि र पर्यटकिय तथा अन्य विधागत पर्यटनको दह्रो सम्भावना रहेको पाइन्छ । यो तानसेनका लागि नयाँ अवसर पनि हो । तानसेनमा अधिक आकर्षण रहेका ऐतिहासिक एवं सांस्कृतिक महत्वका दर्जन बढी सम्पदाहरु मात्रै होइन यहाँका वासिन्दाको संस्कृति, परम्परा, मैत्रिपूर्ण व्यवहार र कला, सीपले पनि धनि नगर हो । प्रकृति र संस्कृति पर्यटनमा फड्को मार्न सक्छ भन्ने सोचहरु सुन्दै आइरहेका छौं ।

**प्रतिक्षा गरी रह्यौं**

हालसम्म नगरको प्रतिनिधित्व गर्दै आएका नगरप्रमुखहरु कोही प्राज्ञिक क्षेत्रबाट आए, कोही विकास अवधारणा बुझेका क्षेत्रबाट आए र कोही सामाजिक क्षेत्र एवं कोही नीजि क्षेत्रको अनुभव भएका प्रमुखहरुले नगरको नेतृत्व लिदै आए । हाल पुनः प्राज्ञिक क्षेत्रबाट आएका नगर प्रमुखले नेतृत्व गरिरहेको अवस्था छ । यति मात्र होइन सघींय र प्रदेश सरकारले समेत तानसेनलाई हिल स्टेशनको रुपमा विकास गर्ने गरी चासो व्यक्त गरिरहेका छन् । नगरपालिका मातहत रहेको आन्तरिक इकाइ टुरिजम एक्सन समिति र यसमा विभिन्न क्षेत्र सम्वद्ध व्यक्तित्वहरु (निजी क्षेत्र, ग्रामीण पर्यटन, निजी क्षेत्र, उद्यम, सामाजिक क्षेत्र, खेल क्षेत्र, स्थानीय सीप र कला क्षेत्र, स्थानीय उत्पादन क्षेत्र, होटल तथा सेवा क्षेत्र लगायत) संलग्न रहेका भएपनि यसबाट पनि प्रभावकारी, सम्भावनाले खोजेको फराकिलो अवधारणा, नीति, कार्यक्रम, कार्ययोजना, रणनीति तयार पार्न नसक्नेले निराशा जगाएको छ । साच्चै भन्नुपर्दा औचित्यहिन अनुभूति भएको छ । स्थानीय सरकारद्धारा तानसेनले प्राप्त गरेको अवसरलाई सम्वोधन गरी तानसेनलाई पर्यटन विकासका लागि आफ्नो अवधारणा सार्वजनिक गर्ने र सम्भावित अवसरहरुको अधिकतम परिचालन गरी नगरलाई पर्यटकीय नगरको रुपमा विकास गर्नेछ भन्ने प्रतिक्षारत चाहानाहरुलाई सम्बोधन गर्ने संकेतहरु पाउन सकिएको छैन ।

**हामी के चाहान्छौं**

**तानसेन निम्नानुसारको बनोस् भन्ने चाहाना जनताहरुको छ :**

१) तानसेन हिल स्टेशन र पर्यटकीय गन्तव्य बनेको देख्न चाहान्छन् । नगरको गिर्दो आर्थिक क्रियाकलापमा चलायमान आउने वातावरण सिर्जना गरिनुपर्ने ।

२) युनेश्कोले सम्भावनादेखि तानसेन वर्ल्ड हेरिटेज सिटीको रुपमा जानसक्ने आधार भएको सिटीको रुपमा लिष्ट गरेकोले यही सम्भावनामा आवश्यक आधारहरु तयार गरी सो घोषणा गर्न आवश्यक सबै च्भत्रगष्कबलत पुरा गरी मान्यताका लागि पहल प्रारम्भ भएको ।

३) तानसेन नगरपालिकाका हरेक सार्वजनिक सम्पति एवं सम्पदा विद्यागत पर्यटन अनुकुल बनाउन र संरक्षण गरी आकर्षण बनाउनुपर्ने ।

४) सार्वजनिक सम्पदाको संरक्षण र प्रवर्द्धन कार्यक्रममा चालिने हरेक कदमलाई नजिकबाट नियाल्ने र विग्रन नदिने केही विशेष सम्पदा क्षेत्रलाई बेग्लै विशेष सांस्कृतिक क्षेत्र घोषणा र शाखाको व्यवस्था गर्न सम्पदा संरक्षण शाखा गठन गरिनुपर्ने ।

५) रानीघाट दरबार र सेरोफेरोको बृहत्त अवधारणा र गुरुयोजना अनुरुप संरक्षण र विकासमा पहल गरी त्यही रमाउने वातावरण बनाई पर्यटकलाई अधिक दिन विताउने र सोही अनुरुपमा संरचना निर्माणमा पहल गर्ने । यसका लागि रानीमहल क्षेत्रलाई विशेष सांस्कृतिक क्षेत्र घोषणा गरी वरीपरिका जग्गा व्यवस्थापन गरी कम्तीमा एउटा तारे होटलको निर्माणका लागि वातावरण बनाउनुपर्ने ।

६) श्रीनगरडाँडाको व्यवस्थापनका लागि सरोकारवालाहरुलाई सहकार्यमा स्थापित गराई उपयोग रणनीति बनाउने र श्रीनगर क्षेत्रलाई व्यवस्थित उपयोग रणनीति तयार गरी तानसेनको राजश्व वृद्धिमा महत्वपूर्ण योगदान गर्न योग्य बनाउन व्यवस्थित उपयोग नीति तयार गरी लागु भएको, साथै यहाँ रहेका सल्लाको जंगलको विकल्पमा आकर्षक, रगिंन एवं औषधीजन्य बनस्पतिको रोपणका लागि पहल साथै स्थानीय पारम्परिक पानीका मुलहरुबाट पानीको श्रोत बढाउने पहल गरिनुपर्ने ।

७) पुरानो तानसेन बजारका हरेक गल्लीमा होमस्टे र त्यहाँ रहेका पुराना पारम्परिक घरहरुको संरक्षणमा घर धनी, नगरपालिका र समुदायको सहभागिता र सहकार्यमा एक टोल एक विशेषता भएको आकर्षक टोल विकास गरेको हुनुपर्ने ।

८) पाल्पा दरवार र भगवती मन्दिरको व्यवस्थित योजना बनाई नेपाल मै आकर्षक थलोको रुपमा स्थापित गर्ने र दरवार परिसरलाई पुरानै शैलीमा कायम गरी उपत्यका बाहिरको आकर्षक दरबार स्क्वायरको रुपमा विकास गर्नुपर्ने ।

९) तानसेन बजारको व्यापार शैलीमा परिवर्तन गर्न पर्यटन मैत्री बजारका रुपमा रुपान्तरणका लागि पहल गर्नु पर्ने ।

१०) टक्सारलाई खुला संग्राहलयको रुपमा स्थापित गरिनुपर्ने ।

११) टुँडिखेल, अन्य खेल मैदान र रानीघाट क्षेत्रलाई खेल पर्यटनको हबको रुपमा विकास गर्ने । नगरमा नियमिति राष्ट्रिय प्रतियोगिता सञ्चालनका लागि आवश्यक रणनीति र निर्माण बाँकी रहेका खेल मैदानको भौतिक पूर्वाधारहरुको निर्माणमा पहल गरिनुपर्ने ।

१२) अमरनारायण मन्दिर परिसरलाइ आकर्षक आध्यात्मिक एवं धार्मिकस्थलको रुपमा विकास गर्ने गरी अवधारणा बनानुपर्ने ।

१३) तानपाको एक मात्र सिमसार क्षेत्रको रुपमा रहेको तानपा–७ प्रभासमा रहेको कमल पोखरी ताल र यसको सेरोफेरोलाइ पर्यापर्यटन, आध्यात्मिक पर्यटन र आकर्षक सिमसार क्षेत्रको रुपमा विकास गर्ने र पर्यटकीय गतिविधिबाट नगरपालिकाको आन्तरिक आय वृद्धिमा टेवा दिने गरी परिचालन गरिनुपर्ने ।

१४) तानसेनका ६० प्रतिशत भन्दा बढी ग्रामीण वडाहरुको जोडबाट बनेको हुनाले हरेक वडामा पर्यटकका लागि आकर्षक परियोजना अवधारणा बनाई निजी या सामुदायिक लगानीका लागि आकर्षण बढाई ग्रामीण पर्यटन, हामेस्टे विकास, स्थानीय उत्पादनको बजार प्रवर्द्धन, संस्कृति प्रवर्द्धन, सिप र स्थानीय कौशलका लागि प्राप्त बजार व्यवस्था हुने वातावरण मिलाउनुपर्ने ।

१५) तानसेन नगरपालिकाका विभिन्न क्षेत्रमा निजी निवेश आमन्त्रणका लागि सोही अनुरुपको नितिगत व्यवस्था गरी तारे होटल स्थापनामा पहल गर्ने ।

१६) सिद्धार्थ राजमार्गका विभिन्न स्थानमा तानसेन पहिचान गराउने रिफ्रेसमेन्ट सेन्टर, सूचना केन्द्र र सेवा प्रदान गर्ने सेवा केन्द्रहरु स्थापना गर्ने । निजी रेष्टोरेन्टहरु प्रशस्तखोल्न प्रेरित गर्ने र तानसेन नगरपालिका क्षेत्र भित्र पर्ने सबै रेष्टुरेन्टहरुको गुणस्तर, सेवा र पहिचान सहितको बनाउने कार्यमा अग्रसरता देखिनुपर्ने ।

१७) कालिगण्डकी करिडोर सञ्चालनमा आउँदा रानीघाट दरवार र रिडीमा विश्राम गर्ने स्थानहरु, अर्गली दरवारलाई तानसेन नगरपालिकाको सम्पति बनाई स्तरिय होटलको रुपमा विकास गर्ने । अर्गलीको कृषि उत्पादन र शालीग्रामका विभिन्न स्वरुपका उपहारको व्यवस्था मिलाउने अवधारणा ल्याउनुपर्ने ।

१८) दमकडा क्षेत्रलाई माण्डव्य क्षेत्र घोषणा गरी स्थानीय बजारको नाम र सडकलाई माण्डव्य ऋषीको तपोभूमिको रुपमा विकास गरी भारतीय एवं आध्यात्मिक एवं धार्मिक पर्यटक र अध्येताहरुका लागि उपयुक्तथलो बनाउने गरी र माण्डव्य सरोवरको अवधारणालाई अगाडि बढाउनुपर्ने ।

१९) विभिन्न संस्कृतिको अनुभूति गर्ने कुमाले गाउँ, माझीगाउँ, मगर गाउँ, ब्राह्मण गाउँ र नेवारी टोल निर्माण गरी दीगो प्रवर्द्धन गर्ने ।

२०) तानसेन भगवती, भार्केश बालकन्या र मदनपोखराको कोकल देवी बिचको सम्बन्ध खोजी Trangle tourism को रुट निर्माण गरी तानसेन भगवती दर्शन गर्नेहरु त्यहाँ पनि जानै पर्ने आख्यान र मान्यता वनाइ प्रवर्द्धन गरिनुपर्ने ।

२१)प्रभास कमलपोखरी र माडी गड्डामा पाइने जंगली धानको संरक्षण गरी विश्वबाट लोपन्मुख धानको संरक्षण गरी सो धान र लुम्बिनीको सम्वन्ध स्थापित गरी व्यावसायिक प्रवर्द्धन गरिनुपर्ने ।

२२) तानसेन वरीपरी विभिन्न वडामा रहेका एडभेन्चर टुरिजमको सम्भाव्य स्थानहरुमा त्यस्ता पर्यटकका लागि आकर्षक थलोहरु बनाउने ।

२३) स्वास्थ्य क्षेत्रले स्वास्थ्य पर्यटनमा योगदान दिने, शिक्षामा आवासिय प्राविधिक कलेज एवं विद्यालयहरुमा नमूना अभ्यासहरुले थप आकर्षण थप्ने गरी शैक्षिक पर्यटनलाई प्राथमिकता दिनुपर्ने ।

२४) विशेष पर्यटन नीति मार्फत लगानी आकर्षण गरी निजी, सामुदायिक र सरकारी लगानी बढाउने र विशेष पर्यटकिय नगरीको रुपमा पहिचानमा ल्याउने संकल्पित प्रतिवद्धता व्यक्त गरिनुपर्ने ।

२५) पाल्पाली उत्पादन ढाका र करुवाको गुणस्तरियता र ब्राण्डिगं गर्ने र नयाँ बजार खोजी गरी प्रवर्द्धन गर्ने बारे कदम चालिएको अनुभूत हुनुपर्ने ।

२६) पाल्पाली कृषि जन्य उत्पादनहरुको मूल्य अभिबृद्धि गर्ने नयाँ उत्पादनको खोजी गरी बजारमा ल्याउन पहल गर्ने र आत्मनिर्भर तानसेनको कल्पनामा कार्य गरिनुपर्ने ।

२७) तानसेनमा मनाईने जात्रा पर्वहरुलाई व्यवस्थित गर्दै, लोपन्मुख र लोप भएका गरी बर्गिकृत गरी अझ व्यवस्थित र संरक्षण एवं प्रवर्द्धन गर्न योजना बनाई सहभागितात्मक अभियान सञ्चालन गरिनु पर्ने ।

**अब के गर्ने**

पोखराले पर्यटनको राजधानी घोषणा गरी सकेको, रुपन्देहीले आर्थिक केन्द्रको घोषणा गर्ने तयारी र आफ्नो सामाजिक आर्थिक र पर्यटकीय अवधारणा सहितको रणनीति तयार पारिरहेको, तिलौराकोट विश्व सम्पदा सूचिमा सूचिकृत र लुम्बिनीको तयारी समेतको सन्दर्भलाई मध्यनजर राख्दै अब तानसेन नगरपालिकाले तानसेनको पर्यटन विकास अवधारणा बनाई तानसेन पर्यटन विकास बोर्ड गठन गर्न जरुरी छ । यसका लागि अब यो र त्यो, यस पछि र त्यसपछि नभनि तत्काल आवश्यक कदम चाल्न ढिलाइ गर्नृ हुँदैन । वोर्डले तानसेनका सबै सम्भावनाको पहिचान गरी स्पष्ट, आकर्षक, सुरक्षित लगानी प्रवर्द्धनमा मद्धत गर्ने पर्यटन विकास निती/रणनिती तयार पार्ने छ । यही नितीका कारण तानसेन सुरक्षित र प्रतीफलयुक्त लगानी क्षेत्र हो रहेछ भन्ने उदाहरण स्वरुप कायम गर्ने, निजी, सामूहिक, सामुदायिक, सार्वजनिक निजी साझेदारी, सरकारी र अन्य संगठित संस्था एवं व्यक्तिगत (आन्तरिक तथा बाह्य लगानी) लगानी आर्कषण गर्ने छ । बोर्डले तानसेनलाई आउने ५ वर्ष, १० वर्ष र २० वर्षमा तानसेनका सबै सम्भावनाहरुलाई पहिचान गरी सम्भावित सबै स्रोतहरुको परिचालन गरी हामीले सुन्दै आएको, देख्ने कल्पना गर्दै आएको र नयाँ परिवेश र विकास अनुरुपको पर्यटन विकासमा समाहित भएर काम गर्नेछ । साथै पर्यटन वोर्ड गठनमार्फत यस्ता अन्य दर्जनौ गतिविधिहरु सञ्चालन हुने छन् । यस्ता गतिविधिहरुले आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षण थप्ने र गणना योग्य हिसावले पर्यटक आउने मात्र होइन पर्यटनका माध्यमबाट तानसेन नगरपालिकाको हालको आन्तरिक राजश्वमा दोब्बर वृद्धिमा योगदान गर्ने वातावरण बनाउनेछ । तानसेन नगरपालिका क्षेत्र भित्रका घरेलु उत्पादन (करुवा, ढाका लगायत) कृषि र कृषिजन्य उत्पादनको आन्तरिक बजार बृद्धि हुनेछ । उल्लेखित कार्यहरुको तिव्रताका साथ कार्य सम्पादनका लागि आजैदेखि पहल गर्न जरुरी छ । किनकी अबको २ देखि ३ वर्ष भित्रमा भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल र सिद्धबाबाको सुरुङमार्ग सञ्चालनमा आउने र बाटो स्तरोन्नती गर्ने काम पनि सम्पन्न भै सक्ने छन् । यसर्थ स्थानीय जनप्रतिनिधिले गर्न सकिन्छ, हामी गर्छौं हाम्रै पालामा भन्ने लक्ष्य सहित क्रियाशिल हुन जरुरी छ ।

### महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७ |
| बुटवल ०७१–५४०२२२ | भिमअस्पताल भैरहवा ०७१–५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०८९–५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१–५४००८१ |
| बुटवल रामनगर ०७१–५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१ |
| भैरहवा ०७१–५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७–५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१ | रामपुर अस्पताल: ०७५–४००१५४ | जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६ |
| गुल्मी ०७९–५२०१९९ | पिचन्द्र परासी ०७८–५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८–५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१–५२०२६५ | रोटरी क्लब बुटवल ०७१–५४४६०० | बनगाई क्लब बनगाई ०७६–६९०१०२ |
| तौलिहवा ०७६–५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७ | लियो क्लब अफ बुटवल ०७१–५४५८९३ | रेडक्रस देवदह ०७१–५७७०९९ |
| पाल्पा ०७५–५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८ | रेडक्रस भैरहवा०७१–५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४० |
| इप्रका रामपुर ०७५–६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२०० | रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५० | परासी ०७८–५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५–५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१–५४६४३२ | रेडक्रस पाल्पा ०७५–५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६–५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : जिम्मेवारी वहन गर्ने समय आएको छ । परोपकारी कार्यमा संलग्न भइनेछ । | **तुला** : आफूसँग भएको क्षमता प्रदर्शन गर्ने अवसर पनि जुट्ला । |
| **वृष** : आफन्तको सहयोगले महत्त्वपूर्ण कार्य सम्पन्न हुनसक्छ । | **वृश्चिक** : काममा असामान्यता देखिन सक्छ । आम्दानीमा पनि कमी आउनेछ। |
| **मिथुन** : धार्मिक, सामाजिक महत्त्वको क्षेत्रको भ्रमण हुनसक्छ । | **धनु** : परोपकारका क्षेत्रमा लगानीको समय छ । हर्ष र प्रसन्नता छाउनेछ । |
| **कर्कट** : सहयोग गर्ने भन्दा आश्वासन बाँड्नेहरू धेरै भेटिनेछन् । | **मकर** : बोलीवचनमा प्रशंसा मिल्नेछ । कार्यमा फाइदा हुने समय पनि छ । |
| **सिंह** : हाँसखेल र मनोरञ्जनपूर्ण समय हो । शेयर बजारबाट लाभ हुनेछ । | **कुम्भ** : भाग्यले साथ दिनेछ । काम देखाएर अरूको मन जित्न सकिनेछ । |
| **कन्या** : वाणीमा कुशलता आउने दिन परेको छ । यात्रा गर्ने अवसर पनि जुट्नेछ। | **मीन** : प्रतिष्ठामा दाग लाग्न सक्छ । आफन्तसँग खिन्नता बढ्नसक्छ । |

# साहित्य दर्पण

कृति/समीक्षा — नारायण मरासिनी

## ‘आभास बिहानीको’मा सङ्ग्रहीत गीतहरू

*यस संग्रहका अधिकांश गीतहरु पोखरेली परिवेशका साहित्यिक समारोह तथा गोष्ठीमा पनि स्वयम् गीतकारले गाउँदै आएका गीत हुन् । ढकालका गीतहरू सस्तो लोकप्रियता आर्जन गर्ने खालका छैनन् । उनका प्राय: गीतहरू जनचाहना बमोजिमका छन्, गीतहरू युगसापेक्ष छन् र मर्मस्पर्शी पनि छन् ।*

गीतसंगीतका क्षेत्रमा साधनारत पद्मराज ढकाल (वि.सं. २०२०) प्रगतिशील प्रतिभाका रूपमा परिचित छन् । पोखरेली परिवेशमा स्थापित विभिन्न साहित्यिक एवं अन्य संघस्थामा संलग्न रही आफ्नो व्यक्तित्वलाई परिष्कृत तथा परिमार्जित रूपमा अगाडि बढाउँदै गरेका ढकाल कवि, संगीतकार, गीतकार र गायक हुन् । उनको व्यक्तित्व कविभन्दा बढी गीतकार एवं गायकका रुपमा परिचित छ । यद्यपि उनको कलम गद्य र पद्य दुवै शैलीका रचनामा चलेको पाइन्छ । उनले शास्त्रीय छन्दमा मिठामिठा कविता लेखेर यस परिवेशका विभिन्न साहित्यिक कार्यक्रमहरूमा सुनाउँदै आएका छन् र ती विभिन्न पत्रपत्रिकामा प्रकाशित पनि छन् । पछिल्लो चरणमा आएर गीतसंगीतमा बढी क्रियाशील भएकाले उनको कविता लेखन केही सुस्ताएको देखिन्छ । हालका दिनहरुमा उनले आफ्नो साधनाको मुख्य क्षेत्र गीतसंगीतलाई नै बनाएका छन् ।

२०३५-०३६ सालको आन्दोलनताका बहुदलका पक्षमा गीतहरू लेखेर सुनाउँदै लेखन एवं गायन यात्राको प्रारम्भ गरेका ढकालको साधनाले लगभग चार दशकको अवधि पार गरिसकेको छ । २०४१ सालदेखि उनका फुटकर गीत, कविता लगायतका रचनाहरूको प्रकाशनको क्रम सुरु भएको हो भने गीत रेकर्डका सन्दर्भमा उनले पहिलो गीत २०५१ सालमा रेडियो नेपालमा रेकर्ड गराएका हुन् । गण्डकी साहित्य संगम, पोखरा प्रगतिशील लेखक संघ, कास्की साहित्य शृङ्खला, पोखरा लगायतका प्रगतिशील संघसंस्थाहरूमा संलग्न भएर काम गरिरहेका ढकाल अहिले पोखरा प्रज्ञा प्रतिष्ठानको कुलपतिका रूपमा कार्यरत छन् । ढकालका गीतहरू जनवादी प्रकृतिका छन् । पोखरेली परिवेशका प्रगतिवादी-प्रगतिशील स्रष्टाहरूसँगको सामीप्यका कारण पनि उनलाई जनवादी गीतहरुको लेखन र गायनको क्षेत्रमा क्रियाशील हुन सहयोग पुगेको देखिन्छ । पोखराका लोककवि अलि मिया र लोकगायिका हरिदेवी कोइरालाको संगत पाएर उनी लोकगीतको संकलन र गायनमा अगाडि बढेका हुन् भने पोखराकै रविलाल अधिकारी, कुलप्रसाद खनाल, घनश्याम ढकाल, नुमराज बराल लगायतका प्रगतिशील-प्रगतिवादी स्रष्टा-द्रष्टाहरूको संगतमा उनी जनपक्षीय गीतकार, लेखक बनेका हुन् ।

अहिलेसम्म ढकालका लगभग दुई दर्जन जति स्वदेश गान एवं लोकगीतका क्यासेट एल्बम सार्वजनिक भएका छन् । उनका गीतहरु विभिन्न साहित्यिक तथा अन्य गैह्र साहित्यिक पत्रपत्रिकामा प्रकाशित पनि छन् । ‘आभास बिहानीको’ नाममा उनको एउटा गीतसंग्रह प्रकाशन भई बजारमा आएको छ । यस संग्रहमा विभिन्न भाकाका ५१ वटा गीत संकलित छन् । संग्रहमा ढकालका विभिन्न पत्रपत्रिकामा पूर्वप्रकाशित, रेडियो एफ.एम.हरूमा प्रसारित एवम् क्यासेट एल्बमहरुमा रेकर्ड गरिएका र कतिपय गीतहरु पहिले नै प्रकाशित नभएका तथा रेकर्ड नभएका गीतहरु पनि संकलित छन् । ‘आभास बिहानीको’मा संकलित गीतहरू सबै एउटै भाकाका छैनन् । झ्याउरे, मारुनी, कौरा, तीज, सोरठी, लोकदोहोरी, तामाङ सेलो, सिँगारु, धिमाल आदि भाकाका गीतहरुलाई यस संग्रहमा समावेश गरिएको छ । एउटा गजल केही स्वदेशगान र केही लोकलयका कविता पनि यसमा सङ्गृहीत छन् । संकलित जम्मा ५१ वटा रचनामध्ये अधिकांश रचना लोकलयमा आधारित छन् । अहिलेको समय लोकगीतको बाढी चलेको समय पनि हो । आजकल ससाना केटाकेटीदेखि, युवायुवती हुँदै बुढाबुढीसम्मलाई पनि लोकगीतले निकै प्रभाव पारेको देखिन्छ । बसको यात्रामा होस् वा मेलापर्वमा लोकगीत सुन्न पाइएन भने यात्रा निरस हुन्छ र मेलापर्व पनि खल्ला लाग्छन् । सायद जनताको यही मनोभावलाई बुझेर नै ढकालले लोकछन्दका रचनाहरुको यो संग्रह तयार पारेका हुन् । यस संग्रहका अधिकांश गीतहरु पोखरेली परिवेशका साहित्यिक समारोह तथा गोष्ठीमा पनि स्वयम् गीतकारले गाउँदै आएका गीत हुन् । ढकालका गीतहरू सस्तो लोकप्रियता आर्जन गर्ने खालका छैनन् । उनका प्राय: गीतहरू जनचाहना बमोजिमका छन्ह गीतहरू युगसापेक्ष छन् र मर्मस्पर्शी पनि छन् । सामाजिक जनजीवनलाई आधार बनाएर सिर्जना गरिएका उनका रचनामा श्रमजीवी जनताप्रतिको मोह झल्कन्छ । यद्यपि उनले पोखरा र यस आसपासको प्राकृतिक सौन्दर्यलाई पनि विषयवस्तु बनाएर गीतहरुको सिर्जना गरेका छन् । उनले प्राकृतिक सौन्दर्यको वर्णन भएका गीतहरुमा समेत मानवीय पीडालाई घुलमिल गराएका छन् ।

जनताका मर्म तथा वेदनालाई विषयवस्तु बनाइएका ढकालका गीतहरुमा अराजकतामाथि ठाडो प्रहार छ । निरङ्कुशताका विरुद्धको अभिव्यक्ति कडा छ । देश बिगार्ने नेता एवं दलहरूदेखि समाज बिगार्ने आजकलका उत्ताउला ठिटाठिटीहरूको पनि उनले आफ्ना केही गीतहरुमार्फत झाँको झारेका छन् । आजको तडकभडक र पश्चिमाहरुको अन्धानुकरणका विरुद्धमा पनि केही गीतहरुमार्फत उनले अभिव्यक्ति दिएका छन् । नेपालको ऐतिहासिक निरङ्कुशताको विरोध गर्दै समतामूलक समाजको चाहना राखिएका उनका अधिकांश गीत जनपक्षीय छन् । केही गीतमा उनले जातको नाममा राज्य बनाउनु हुँदैन भन्ने आशय पनि व्यक्त गरेका छन् । यसमा हाम्रै छिमेकी राष्ट्र भारतको तामिलनाडु तमिल जातिको नाममा नामकरण गरिएको राज्य हो । नागाल्यान्ड पनि जात विशेषमै आधारित स्थान हो घलेगाउँ, बाहुनडाँडा जस्ता गाउँका नामहरु हाम्रै नेपालमा पनि छन् । यो जातविशेषको पहिचानको कुरो हो । यो स्थिति संसारका अधिकांश गणतान्त्रिक मुलुकहरूमा देखिन्छ । जातिको नाममा राज्यको नामकरण हुँदैमा प्रलय चाहिँ भइहाल्दैन । अन्य जातिले पनि स्वतन्त्रताको उपभोग गर्न पाउँछन् । यस संग्रहका केही गीतमा ढकालले आफूलाई चित्त नबुझेको कुरो लुकाएका छैनन्, मनभित्रै गुम्स्याएर राखेका छैनन् स्पष्ट र निर्भीक भई लेखेका छन् । जातीय राज्य बनाउनु हुँदैन भन्ने सन्दर्भमा ढकालका ‘जातको नाममा विभाजन नखोजौं’, ‘जातको नाममा राज्यलाई टुक्रा नपार्नोस्’ जस्ता गीत देखिन्छन् । यी गीत उनले विभिन्न साहित्यिक समारोह तथा गोष्ठीमा पनि गाउँदै आएका गीतहरू हुन् । ‘उठने लौ बेला भयो’, ‘पूर्व रातो भएको हेर’, ‘हटाउँ शोषक-सामन्त’, ‘घाँडो भयो राजतन्त्र’, ‘सामन्तको नाइके दरबार’, ‘लेख्छु म सधैं जनताको गीत’, ‘जनवाद ल्याउन किन गर्ने आपत्ति’, ‘राजतन्त्र ढल्दै छ’ लगायत अन्य अरु केही गीतहरु जनवादी गीत हुन् । यी गीतहरूमा गीतकारको प्रगतिशील चिन्तन मुखरित छ । यी गीतमार्फत ढकालले नेपालमा जनवादी शासनव्यवस्था ल्याउने चाहना राखेका छन् । ‘अघि बढौँ मास्नलाई सामन्तको रीति आफ्नो कमाइ आफै खाने बनाउनु छ नीति’ (कविलाई अनुरोध) भन्दै गीतकार ढकाल सामन्ती संस्कृतिका विरुद्धमा र सांस्कृतिक परिवर्तनका पक्षमा उभिएका छन् । ‘उठने लौ बेला भयो भालेको नौलो डाँकोले ब्युँझायो’ (उठने लौ बेला भयो), ‘पूर्वतिर हेर आज रातो लाली छाउँदै छ, जनताको उज्यालो दिन आउँदै छ’ (बुद्धि भए राजा आजै गद्दी त्याग भो) जस्ता फाँकीहरु लिपिबद्ध गरेर ढकालले यस संग्रहमार्फत उज्यालो भविष्यको कामनाका गीतहरू गाएका छन् । संग्रहमा संकलित अधिकांश गीतहरु चेतनामूलक छन् । उनी जनतामा नयाँ चेतना आओस् भन्ने चाहन्छन् । उनका केही गीतमा नयाँ नेपालको निर्माणको चाहना देखिन्छ भने केही गीतहरू २०३६ साल २०४६ साल र २०६२-०६३ सालको जनआन्दोलनसँग सम्बन्धित छन् । आन्दोलनका पक्षमा सिर्जना गरिएका यी गीतमा न्याय र स्वतन्त्रताका पक्षधरहरुलाई आन्दोलनमा सरिक हुनका लागि आह्वान गरिएको छ । निरङ्कुशताका विरुद्धमा आफ्नो आवाज बुलन्द पार्दै गीतकार ढकालले समतामूलक समाजको स्थापनामा जोड दिएका छन् । गरिबनिमुखा श्रमिक तथा मजदुर सबैलाई गास, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारको सुनिश्चितता गरिनुपर्छ भन्ने आशयमा संरचित ढकालका यी गीतहरू वास्तवमै जनताका गीत हुन् ।

अन्त्यमा, यस संग्रहका सबै गीत सरल शब्दशैलीमा रचिएका छन् । गीतहरू लयात्मक र गेयात्मक पनि छन् । पोखरेली परिवेशमा रहेर गीतसंगीतको क्षेत्रमा क्रियाशील भई सर्वहारा मजदुर किसानहरूका पक्षमा सिर्जना गरिएका गीतहरूको संग्रह ‘आभास बिहानीको’ एक महत्वपूर्ण गीतसंग्रह हो । कृतिमा संकलित गीतहरूका बारेमा मोदनाथ प्रश्रितले भूमिका लेखेका छन् भने प्रगतिशील लेखक संघ, कास्की शाखाले यसको प्रकाशन गरेको छ ।

**-समकालीन साहित्य डटकम**

क्लासिक कथा — देवकुमारी थापा

## मोहको एउटा क्षण

*पाँच वर्ष अघि मैले झन्डै झन्डै उनी जस्तै जिउडाल भएकी मराठी महिलासँग प्रेम विवाह गरेँ । हाम्रो दाम्पत्य जीवन सुखी छ । हाम्रो एउटा छोरो पनि छ तीन वर्षको । उनी यहाँ सामाजिक सेवाको अध्ययन गोष्ठीमा आएकी रहिछन् । उद्घाटनको दिन मेरी श्रीमती र म पनि गएका थियौँ, त्यहीँ हाम्रो भेट भयो । पन्ध्र वर्षको समयले उनमा विशेष केही परिवर्तन ल्याएको थिएन, मात्र अनुहार केही पोक्चो देखिन्थ्यो । जिउडाल, रूप रङ्ग त्यस्तै थियो । पर्सि उनी दार्जिलिङ फर्किने, आज हामीले उनलाई बेलुकीसँगै भोजन गर्ने निम्तो गरेका थियौँ । उनी बैठकमा आइन् । खयर रङ्को सारी र त्यस्तै चोलोमा उनको रङ्ग अझ गुलाबी देखिन्थ्यो, सायद उनमा पनि आवेश उत्पन्न भएर त्यति गुलाबी देखिएकी हुन् कि ? तर उनको हिँडाइ संयमित छ, उनी आवेशमा छैनन् क्यार ।*

आज हामीले उनलाई बेलुकी खान निम्ताएका थियौँ । साँझमा उनलाई लिन जान मैले गाडी ग्यारेजबाट निकाल्दा मेरी श्रीमतीले मलाई व्यङ्ग्यको झटारो नहानेकी होइनन् । तर म आज संसारको सबै झटारो सहेर पनि पुलकित, रोमाञ्चित हुन सक्ने अवस्थामा पुगिसकेको छु । सायद चालिस वर्ष नाघेपछि मान्छे यस्तै उन्मुक्त अवस्थामा पुग्छ होला त्यसैले त हाम्रो गीतकारले रचेको गीत- ‘चालिस, बर्से जीवनलाई सलाम’ - त्यस्तो औधि लोकप्रिय भएको होला । म गाडी लिएर उनको होटेलमा पुगेँ । पालेलाई उनको नाउँ भनेपछि उसले मलाई होटेलको बैठक कोठामा लगेर राख्यो र उनलाई बोलाउन गयो । तरुनो उमेरको पहिलो चोटिको प्रेमी जस्तो मेरो मुटु ढुकढुक गरिरहेको थियो । १५ वर्ष अघि दार्जिलिङमा उनलाई पहिलो पटक भेट्दा मेरो मुटु यसरी नै ढुकढुक गरेको थियो । जोगी रङ्गको सारीमा उनको सुकुमारी शरीर र स्याउ जस्ता गाला अत्यन्त खुलेको थियो । पहिलो भेटमा नै म उनी प्रति साह्रै आकर्षित भएको थिएँ तर उनले मेरो उति वास्ता गरिनन्, मैले भने उनलाई पछ्याउन छोडिनँ । एक महिनाको मेरो दार्जिलिङ प्रवासमा मैले उनलाई निकै पछ्याए पछि मात्र उनी मसँग केही खुलेर कुरा गर्ने भइन् । हाम्रो चर्चा सङ्गीतमा र साहित्यमा हुन्थे । मैले नेपाली साहित्य पढेकै थिइन र एक दिन उनले मलाई सभ्य झटारो हानिन्- ‘बम्बई जस्तो सहरमा बस्नुभयो भन्दैमा तपाईंको नेपाली मोहडा बम्बईया हुन सकेको छैन भने भाषा र संस्कृति चाहिँ किन नेपाली रहन सकेन ?’ म मुसुक्क हाँसें मात्र लट्ठिएको मान्छे जस्तो, जवाफमा केही भन्न सकिनँ । अर्को दिन उनले मलाई निकै नेपाली पुस्तकहरू उपहार दिइन् । उनी मलाई आफ्नोपनमा फर्काउने चेष्टा गर्थिन्, म उनलाई आफ्नो बनाएर बम्बई लान चाहन्थेँ । यही क्रमले दिनहरू बिते र बम्बई फर्किन एक साता मात्र बाँकी छँदा मैले उनलाई विवाहको प्रस्ताव राखेँ । उनले बडो शिष्ट र मृदु स्वरमा भनिन्- ‘क्षमा गर्नुहोला म कसैलाई प्रेम गर्छु ।’ कति उदार थिइन् यी पहाडकी छोरी । कुनै स्वाङ् नै नपारी उनले मेरो प्रस्तावलाई सत्यता र स्पष्टतासँग अस्विकार गरिन् । मैले उनलाई श्रद्धाको आँखाले हेरेँ । प्रेम र श्रद्धा दुई अनमोल मनुष्यनिधि मैले उनको चरणमा अर्पें भक्तले जस्तै । मैले आर्द्र भएर भनेँ- ‘तपाईं मेरो तरूण अवस्थाको पहिलो प्रेम हुनुहुन्छ, प्रथम मृदु अनुभूति । हामी बूढाबूढी भएपछि एकपल्ट फेरि भेटौँला र त्यो दिन तपाईंले थाहा पाउनुहुनेछ मेरो आजको यो याचना सहरिया मान्छेको उत्ताउलो उन्माद होइन, मेरो युवा स्पन्दन हो ।’ त्यसपछि म आफ्नो घर बम्बई फर्के । पाँच वर्ष अघि मैले झन्डै झन्डै उनी जस्तै जिउडाल भएकी मराठी महिलासँग प्रेम विवाह गरेँ । हाम्रो दाम्पत्य जीवन सुखी छ । हाम्रो एउटा छोरो पनि छ तीन वर्षको । उनी यहाँ सामाजिक सेवाको अध्ययन गोष्ठीमा आएकी रहिछन् । उद्घाटनको दिन मेरी श्रीमती र म पनि गएका थियौँ, त्यहीँ हाम्रो भेट भयो । पन्ध्र वर्षको समयले उनमा विशेष केही परिवर्तन ल्याएको थिएन, मात्र अनुहार केही पोक्चो देखिन्थ्यो । जिउडाल, रूप रङ्ग त्यस्तै थियो । पर्सि उनी दार्जिलिङ फर्किने, आज हामीले उनलाई बेलुकीसँगै भोजन गर्ने निम्तो गरेका थियौँ । उनी बैठकमा आइन् । खयर रङ्गको सारी र त्यस्तै चोलोमा उनको रङ्ग अझ गुलाबी देखिन्थ्यो, सायद उनमा पनि आवेश उत्पन्न भएर त्यति गुलाबी देखिएकी हुन् कि ? तर उनको हिँडाइ संयमित छ, उनी आवेशमा छैनन् क्यार । मैले उठेर उनलाई नमस्कार गरेँ । नमस्कार आदन-प्रदान भएपछि हामी गाडीमा गएर बस्यौं मैले गाडी हाँकेँ । गाडी घरतिर नलगेर मैले जुहु समुद्र किनारतिर लगेँ । जुहुमा गाडी थामेर मैले उनलाई भनेँ- ‘समुद्र किनार घुम्न जाऊँ है ?’ केही नबोली उनी मसँगसँगै हिँडिन् । हामी बालुवा माथि बस्यौँ । उनी बल्ल बोलिन् र सोधिन्- ‘केटाकेटी कति छन् ?’ मैले जवाफ दिएँ- ‘एउटा छोरा तीन वर्षको ।’ ठट्टा गर्न मन लाग्यो र सोधेँ- ‘तपाईंको नि ?’ उनले पनि हाँस्दै भनिन्- ‘दुई हजार ।’ हामी दुवै हास्यौं र फेरि गम्भीर भयौँ । मैले भनेँ- ‘बिहे गर्नु भएन ?’ उनले गम्भीर भएर भनिन्- ‘उहाँको मृत्य भयो ।’ कुरा टुङ्गियो । मनमनै भनेँ- कति निश्छल छिन् मेरी आराध्या । हरएक कुरा स्पष्टसँग सत्य भनिदिन्छिन् । सुन्नेलाई हलुको हुन्छ तर उनलाई कस्तो हुँदो हो । मैले आर्द्र भएर भनेँ- ‘मेरो श्रीमती कताकता तपाई जस्तै छन् ।’ उनी फेरि बोलिनन् । दाहिने हातको जेठी औँलाले बालुवामा रेखा कोरिरहिन् । त्यसैबेला फूल बेच्ने मान्छे सुगन्धित फूलका माला लिएर आयो र भन्यो- ‘साहब गजरा चमेलीका ।’ मैले चमेलीको चुल्ठोमा लाउने सानो माला किनेँ । फूल बेच्ने मान्छे गएपछि उनको चुल्ठोमा माला बाँधिदिने अनुमति माग्दै अङ्ग्रेजीमा भनेँ- ‘मे आइ ?’ ‘लाइ दिउँ ?’ उनले भनिन्- ‘मलाई चुल्ठोमा फूल लाउन मन लाग्दैन ?’ मैले आग्रह गर्दै भनेँ- ‘यति हक पनि दिनु हुन्न मलाई ?’ उनले हुन्छ भन्दै टाउको थापिदिइन् । मैले चुल्ठोमा माला बाँधिदिएँ । हामी फेरि चुपचाप समुद्रलाई हेरिरह्यौं । जून उदाएपछि त्यहाँ छालहरू तरङ्गित भइरहेका थिए । सागर अथाह, अभेद्य र विशाल भए पनि माथि उर्लिएका छालहरू मेरा मनका इच्छा र चाहनाका आवेश जस्तै उकालो-ओरालो गरिरहेका थिए । उनले भनिन्- ‘जाऊँ अब ।’ मैले आग्रह गर्दै भनेँ- ‘बसौं न एकछिन, फेरि भेट हुन्छ हुन्न ।’ उनले भनिन्- ‘म भवितव्यमा विश्वास गर्छु । हामी त नाटकका पात्र मात्र रहेछौँ, खेलाउने अर्कै रहेछ ।’ मैले भनेँ- ‘त्यसो भए तपाई भवितव्यलाई सबै कुरा सुम्पेर मेरो प्रेम स्वीकार गर्नुहोस्, किन यो भारी बोकी रहनु व्यर्थमा !’ उनले मुसुक्क हाँस्दै भनिन्- ‘प्रेम प्राप्तिमा पूर्ण हुँदैन, शेष होला बरू । तपाईंकी पत्नी र छोरा तपाईंको जीवनको आवश्यकता हो । मेरो स्मृति एउटा मीठो सपना दुवै तपाईंलाई चाहिन्छ । दुवै आफ्ना ठाउँमा रहन दिनुहोस् ।’ मैले उनको आँखामा हेर्दै सोधेँ- ‘तपाई नि ?’ उनले भनिन्- ‘नियतिलाई सुम्पेको छु ।’ जबरजस्ती उनको हात समातेर भनेँ- ‘प्रतिज्ञा गर, गर प्रतिज्ञा ! जीवनमा कुनै दिन तिमीलाई मेरो खाँचो पर्यो भने तिमीले मलाई नै बोलाउने छौ, अरू कसैलाई होइन ।’ थाहा नै नपाई मैले उनलाई तपाईबाट तिमी भनिसकेछु । उनले आर्द्र कण्ठमा भनिन्- ‘हे भगवान् !’ अनि मेरो कुममा टाउको राखेर भनिन्- ‘हुन्छ, म प्रतिज्ञा गर्छु, तर हे भगवान् त्यो दिन कहिले न आओस् ।’ त्यसपछि उनको आँसुले मेरो कुम भिज्यो । त्यो भिजाइले मेरा सारा आवेशहरू शान्त भए । मेरो फदय मृदु वेदनाले भिज्यो । प्रेमपछिको अर्को उत्कृष्ट अनुभूति सहानुभूति हो । उनले त्यही मलाई अर्पेकी थिइन् । यसरी केही क्षण बितेपछि उनले नै सपना भङ्ग गर्दै भनिन्- ‘जाऊँ अब, श्वेता पर्खिरहेकी होलिन् ।’ श्वेता मेरी श्रीमतीको नाउँ । उनले त्यो नाउँ त्यसरी आत्मीयताको जस्तो उच्चारण गरेको सुन्दा मेरो फदय मोहको दुई थोपाले निथ्रुक्क भिज्यो । त्यो मोहको क्षण मेरो जीवनमा निधि भएर रहने छ सधैं । उठेर मैले गाडी हाँकेँ । उनी अगिल्लो सिटमा मेरो छेउमा बसिन् । ‘देवकुमारी थापाको जन्म विसं १९८५ मा भारतको खरसाङमा माता रमादेवी र पिता हस्तबहादुर कटुवालकी सुपुत्रीका रूपमा भयो । उहाँ नेपाली कथा साहित्य क्षेत्रका सगरमाथा हुनुहुन्थ्यो । नेपालमा प्रवेश भएपछि उहाँ समाजसेवामा पनि आबद्ध हुन हुनुभयो । विभिन्न विधाका उत्कृष्ट कृतिहरू प्रकाशन गर्नुभएको थापाले आफ्नैलमा परेका प्रतिभाको सम्मानमा मेजर बब्बरसिंह थापा स्मृति पुरस्कारको स्थापना गर्नुभयो ।

**-साहित्यपोस्ट डटकम**

# किसान महासंघ पाल्पाको तदर्थ समिति गठन



**पाल्पा,** वैशाख २१/नेपाली काँग्रेसको भ्रातृ संगठन नेपाल किसान महासंघ पाल्पाको तदर्थ समिति गठन भएको छ । जगन्नाथ अर्यालको अध्यक्षतामा ३४ सदस्यीय तदर्थ समिति गठन गरिएको हो ।

महासंघको विधानको २००८ (२०५३, ०५५, ०५९, ०६४, ०७० र ०७८ संशोधन सहित)को दफा १७ को (३), (४) बमोजिम तदर्थ समिति गठन गरिएको महासंघले जनाएको छ । पछि पदाधिकारी चयन गर्ने गरी अहिले सदस्य मात्र चयन गरिएको अध्यक्ष अर्यालले बताए । अध्यक्ष अर्याललाई यस अघि नै महासंघका केन्द्रीय अध्यक्ष गणेशचन्द्र तिम्लिसिनाले जिल्ला अध्यक्षमा मनोनयन गरेका थिए । महासंघको जिल्ला तदर्थ समितिको सदस्यमा लालबहादुर सारु, पद्म खण्डलुक, कृष्णकुमार अर्याल, बलबहादुर राना, बछ्राद अलि मिया, कमल खत्री, मिना थापा, कृष्ण सिंजाली, कुलप्रसाद काफ्ले, गोविन्द न्यौपाने, कृष्ण भट्टराई, दामोदर घर्ती, शुभद्रादेवी शर्मा, यज्ञ बस्याल, नरबहादुर थापा, भगवती घिमिरे, लक्ष्मी पहारी, सुर्य बगाले, लेखबहादुर कार्की, तुलबहादुर सोमरे, लोकनाथ घिमिरे, सन्तोष बौडेल, कल्पना राउत, शर्मिला जिसी, रामबहादुर खाति, सुरेश थापा, लक्ष्मी पाण्डे, गोमा गैरे, गुनबहादुर बगाले, भिमलाल अधिकारी, माया नेपाल, विश्वराज पन्त, अमरबहादुर कार्की, हुमानसिं कार्की रहेका छन् । यस्तै महासंघले सल्लाहकार पनि चयन गरेको छ । जसमा मोतिराज ज्ञवाली, देवराज ढकाल, यमलाल तिमिल्सीना, बसन्ती घिमिरे र भानुभक्त पाण्डे रहेका छन् ।

महासंघले एक कार्यक्रमका बिच तदर्थ समितिको घोषणा गरेको हो । घोषणा कार्यक्रममा प्रमुख अतिथि नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले किसानहरुको हितमा इमान्दारिताका साथ काम गर्न समितिलाई आग्रह गरे ।

कार्यक्रममा नेपाली काँग्रेसका नेताहरु रामेश्वर पन्थी, रामबहादुर कार्की, लक्ष्मी पाण्डे, दिनेश गन्धर्व, काँग्रेस प्रवक्ता शोभाखर न्यौपाने, महासंघका सदस्यहरु कृष्णप्रसाद अर्याल, दामोदर घर्ती, यज्ञ बस्याल, सन्तोष बौड्याल लगायतले आ-आफ्ना धारणा राखेका थिए । महासंघका अध्यक्ष जगन्नाथ अर्यालको अध्यक्षता, सदस्य कृष्ण भट्टराईको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# रामपुर नगर सरकारले दियो विद्यालयलाई प्राथमिक उपचार बक्स



**पाल्पा,** वैशाख २१/जिल्लाको रामपुर नगरपालिकाले नगर भित्रका विद्यालयहरुलाई प्राथमिक उपचार बक्स दिएको छ । नगर सरकारले नगर भित्रका सामुदायिक र संस्थागत विद्यालयका ६० वटा विद्यालयलाई प्राथमिक उपचार बक्स दिएको हो ।

प्रधानाध्यापकहरुको बैठकको अवसरमा प्राथमिक उपचार बक्स वितरण गरिएको नगरपालिकाले जनाएको छ । नगर प्रमुख रमणबहादुर थापाले विद्यालयका प्रधानाध्यापकहरुलाई उक्त बक्स हस्तान्तरण गरेका हुन् । बक्स हस्तान्तरण गर्दै थापाले विद्यालयमा हुन सक्ने संभावित दुर्घटनालाई मध्यनजर गर्दै विद्यालयहरुलाई सामग्री वितरण गरिएको बताए । उनले विद्यालय समयमा कुनै विद्यार्थीमा स्वास्थ्य समस्या आएमा प्राथमिक उपचारका लागि बक्सले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । नगर प्रमुख थापाले विद्यालयको शैक्षिक गुणस्तर वृद्धिसँगै रामपुर नगरपालिकाले अवलम्बन गरेको शैक्षिक नीति र स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुमा समन्वय र सहकार्य गरेर अगाडि बढ्न आग्रह गरे । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत सुर्यदर्शन पण्डितले नगरपालिकाको विनियोजित बजेटमार्फत सामग्री वितरण गरिएको जानकारी दिँदै व्यवहारिक शिक्षामा जोड दिनुपर्ने बताए । नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख गिरिराज घिमिरेले सामग्रीको सही सदुपयोग गर्न आग्रह गरे । विद्यालयका प्रधानाध्यापकहरुको बैठकमा विद्यालयले गरेका नविनतम कार्य तथा गतिविधि र शैक्षिक सुधार सम्बन्धी विभिन्न विषयमा छलफल भएको थियो । रामतुलसी माध्यमिक विद्यालयका प्रधानाध्यापक बालकृष्ण लम्सालको अध्यक्षता, नगर शिक्षा अधिकृत विकल काफ्लेको सञ्चालनमा कार्यक्रम भएको थियो ।


## शिक्षक तथा बस चालक आवश्यकता सम्बन्धी सूचना

*मितिः २०८१/०१/२१*

यस मोहन कन्या मा.वि. तानसेन, पाल्पालाई तपशिल बमोजिमका शिक्षक तथा बस चालक आवश्यक परेकोले मिति २०८१/०१/१७ गते बसेको विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम शिक्षक तथा बस चालक नियुक्त गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ ।

**तपशिल :**

**विज्ञापन नं. :** ०२/०८०/०८१, **तह :** प्रारम्भिक बाल विकास शिक्षक, **संख्या :** १,
**शैक्षिक योग्यता :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा १२ उत्तीर्ण वा सो सरह
**विज्ञापन नं. :** ०३/०८०/०८१, **तह :** प्रा.वि., **संख्या :** १,
**शैक्षिक योग्यता :** अंग्रेजी मूल विषय लिइ मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा १२ उत्तीर्ण वा सो सरह
**विज्ञापन नं. :** ०४/०८०/०८१, **तह :** बस चालक, **संख्या :** १,
**न्यूनतम योग्यता :** सामान्य लेखपढ गर्न जानेको र चालक अनुमति पत्र भएको
**उमेर :** १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको
**नियुक्तीको किसिम :** निजी स्रोत, अस्थायी (करार)
**तलब स्केल :** विद्यालयको नियम अनुसार, **दरखास्त दस्तुर :** रु.५००
**परीक्षाको किसिम :** लिखित, मौखिक र प्रयोगात्मक (बस चालकको लागि मौखिक मात्र)
**दरखास्त दिने अन्तिम मिति :** २०८१/०१/२८ गते कार्यालय समय भित्र
**सम्पर्क मिति :** २०८१/०१/३०, **परीक्षा मिति :** सम्पर्क मितिमा तोकिने छ ।
**आवश्यक कागजातहरु :** नेपाली नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, अनुभव तालिमका प्रमाणपत्रहरु (प्रारम्भिक बाल विकास शिक्षकको लागि मन्टेश्वरी तालिमको प्रमाणपत्र)

*नोट : शिक्षकको लागि नृत्य, गायन र संगीत कला भएका अनुभवी र तालिम प्राप्तलाई विशेष प्राथमिकता दिइने छ ।*

**सम्पर्क नं. :** ०७५-५२००९२, ९८४७०४३९३६

**श्री मोहन कन्या माध्यमिक विद्यालय**
तानसेन, पाल्पा



मनको आवाज............
'नाम पनि युनिक, काम पनि युनिक'
युनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
युनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१९६८, ५२१९६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


## खेलकुद समाचार

# हैदराबादले राजस्थानलाई हरायो



**काठमाडौं,** वैशाख, २१/सनराइजर्स हैदराबादले इन्डियन प्रिमियर लिग (आईपीएल) २०२४ को ५० औं खेलमा राजस्थान रोयल्समाथि १ रनको रोमान्चक जित हात पारेको छ । २०२ रनको लक्ष्य पछ्याएको राजस्थानले २० ओभरमा ७ विकेट गुमाउँदै २ सय रन बनायो । राजस्थानलाई अन्तिम बलमा जितको लागि २ रन चाहिँदा भुवनेश्वर कुमारले रोभम्यान पावेललाई एलबीडब्लू आउट गर्दै रोमान्चक जित दिलाए । एक समय १८ बलमा २७ रन चाहिँदा राजस्थानको ६ विकेट हातमा थियो । अन्तिम तीन ओभरमा भने राम्रो गर्न सकेन ।

पहिलो ओभर मै भुवनेश्वर कुमारले जस बटलर र सञ्जु स्यामसनलाई शून्यमा आउट गर्दै हैदराबादलाई खेलमा ल्याएका थिए । तर तेस्रो विकेटका लागि रियान पराग र यशस्वी जैसवालले १३४ रनको शतकीय साझेदारी गर्दै राजस्थानको सहज जितको आधार तय गरेका थिए । टी नटराजनको १४ औं ओभरको तेस्रो बलमा जैसवाल योर्कर बलमा ल्याप सट खेल्ने धुनमा बोल्ड भएपछि हैदराबाद खेलमा फर्किएको थियो । शिम्रन हेटमायर १३, रोभम्यान पावेल २७, ध्रुव जुरेल १ रनमा आउट भए ।


वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# सुन एक हजार एक सयले घट्यो




**पाल्पा,** वैशाख २१/स्थानीय बजारमा पहेँलो धातुको मूल्य तोलामा एक हजार एक सयले घटेको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार बिहीबार प्रतितोला एक लाख ३६ हजार पाँच सयमा कारोबार भएको छापावाला सुन शुक्रबारका लागि भने एक लाख ३५ हजार चार सय निर्धारण भएको छ ।

यस्तै, तेजाबी सुन बिहीबार तोलामा एक लाख ३५ हजार आठ सय ५० मा कारोबार भएकामा शुक्रबार लागि भने एक लाख ३४ हजार सात सय ५० निर्धारण भएको छ । चाँदीको मूल्यमा भने परिवर्तन भएको छैन । बिहीबार जस्तै सो दिन पनि चाँदीको मूल्य तोलामा एक हजार छ सय ४५ निर्धारण भएको छ । अहिले अफ सिजन भएकाले गहनाको बिक्री त्यति नभएकाले पनि सुनको भाउ तल माथि भइरहेको छ । पछिल्लो ७ दिनको सुनको मूल्य हेर्दा भाउमा उतारचढाव देखिन्छ । वैशाख १२ मा प्रतितोला १ लाख ३६ हजार रुपैयाँमा कारोबार भएको सुन १३ मा घटेर १ लाख ३५ हजार ८ सय रुपैयाँ पुगेको थियो। १४ मा मूल्य फेरि बढेर प्रतितोला १ लाख ३७ हजार २ सय रुपैयाँ पुग्यो । वैशाख १६ मा बढेर १ लाख ३७ हजार ६ सय रुपैयाँमा कारोबार भएको थियो । १७ र १८ गते प्रतितोला १ लाख ३७ हजार २ सय रुपैयाँमा कारोबार भएको छ । वैशाख १९ मा भने मूल्य घटेर १ लाख ३४ हजार ५ सय रुपैयाँमा कारोबार भयो । वैशाख २० अर्थात् बिहीबार फेरि बढेर १ लाख ३६ हजार ५ सय रुपैयाँमा कारोबार भएको हो ।


## लामखुट्टेको टोकाईबाट बच्नु नै डेंगु रोगबाट बच्ने सर्वोत्तम उपाय :

- पूरा शरीर ढाकिने गरी कपडा लगाउने ।
- सुतेको समयमा लामखुट्टेको टोकाईबाट बच्न अनिवार्य झुलको प्रयोग गर्ने ।
- घर वरपर वा खेतबारीमा काम गर्दा लामखुट्टेको टोकाइबाट बच्ने ।
- झ्याल र ढोकामा जाली लगाई बन्द राख्ने ।
- लामखुट्टे उत्पन्न हुन नदिन घर वरपर सफा राख्नुका साथै पानी जम्न नदिने ।
- अचानक ज्वरो आए, नजिकैको स्वास्थ्य चौकीमा सम्पर्क गरी उपचार गर्ने ।



लुम्बिनी प्रदेश सरकार
**गृह मन्त्रालय**
राप्ती उपत्यका (देउखुरी), नेपाल



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई